# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, मार्ग ०१ गते, २०७६ साल (अतिरिक्ताङ्क १०

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७६ सालको ऐन नं. १२

**कर्णाली प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक**

**कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यसपछि मूल ऐन भनिएको) को दफा २ मा देहायको खण्ड ध१ थपिएको छः-**

"(ध१) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ ।"

३. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को,-**

(१) उपदफा (१) मा रहेको "माघ" भन्ने शब्दको सट्टा "फाल्गुण" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ ।"

४. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेको "दोस्रो हप्ताभित्र" भन्ने शब्दहरूको सट्टा "मसान्तसम्म" भन्ने शब्द राखिएको छ ।

५. **<u>मूल ऐनको दफा ८ मा संशोधन:</u>** मूल ऐनको दफा ८ को उपदफा (१) खण्ड (ख) मा रहेको "वार्षिक गुरु योजना" भन्ने शब्दहरूको सट्टा "गुरु योजना" भन्ने शब्दहरू राखिएको छ ।

६. **<u>मूल ऐनको दफा ९ मा संशोधन:</u>** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेको "कम्तीमा १ (एक) महिना अगावै" भन्ने शब्दहरूको सट्टा "जेष्ठ महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरू राखिएको छ ।

७. **<u>मूल ऐनको दफा १६ मा संशोधन:</u> मूल ऐनको दफा १६ को,-**

(१) उपदफा (३) मा रहेको "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्ने शब्दहरूको सट्टा "प्रदेश लेखा इकाइ कार्यालय" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (५) मा रहेको "प्रदेशको कुनै मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "एक मन्त्रालय" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (७) मा रहेको "तथा कार्यक्रम" भन्ने शब्दहरू झिकिएको छ।

८. **<u>मूल ऐनको दफा १७ मा संशोधन:</u>** मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेको "आफ्नो" भन्ने शब्दपछि "र मातहतका" भन्ने शब्दहरू र "उपभोग खर्च" भन्ने शब्दपछि "र" भन्ने शब्द थपिएको छ।

९. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को,-**

(१) उपदफा (१) मा रहेको "समर्पण" भन्ने शब्दपछि "(बजेट सरेन्डर)" भन्ने शब्द थपिएको छ ।

(२) उपदफा (२) मा रहेको "(बजेट सरेन्डर)" भन्ने शब्द झिकिएको छ ।

१०. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को,-**

(१) उपदफा (१) मा रहेको "प्रदान गर्ने" भन्ने शब्दपछि "वित्तीय" भन्ने शब्द थपिएको छ ।

(२) को उपदफा (२) मा रहेको "हस्तान्तरण हुने रकम हस्तान्तरण" भन्ने शब्दहरूको सट्टा "रकम हस्तान्तरण हुने" राखिएको छ ।

११. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (१) खण्ड (क) मा "सरकारबाट" भन्ने शब्द पछि "प्राप्त" भन्ने शब्द थपिएको छ ।

१२. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u> मूल ऐनको दफा २३ को,-**

उपदफा (१) मा रहेको "तोकिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "तोकिएबमोजिम सरकारी कारोबार गर्ने" राखिएको छ ।

१३. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को,-**

(१) उपदफा (१) मा रहेको "नेपाल सरकारको" भन्ने शब्द झिकिएको छ ।

(२) उपदफा (३) मा रहेको "कार्यालयमा" भन्ने शब्दको सट्टा "कार्यालय" शब्द राखिएको छ ।

**१४. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को,-**

(१) उपदफा (१) मा रहेको "प्राप्त रकम" भन्ने शब्दहरूको पछाडि "," चिह्न थपिएको र "कोष तथा लेखा नियन्त्रक" भन्ने शब्दहरूको सट्टा "प्रदेश लेखा इकाइ" भन्ने शब्दहरू राखिएको छ ।

(२) उपदफा (३) मा रहेको "विवरण र स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र" भन्ने शब्द झिकिएको र "कोष तथा लेखा नियन्त्रक कार्यालयको" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरू राखिएको छ ।

**१५. <u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० को उपदफा (१) मा रहेको "उत्तरदायी अधिकृतले" भन्ने शब्दहरूको सट्टा "लेखा उत्तरदायी अधिकृतले" भन्ने शब्दहरू राखिएको छ । सोही उपदफामा रहेको "दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न" भन्ने शब्दहरूको पछाडि "," चिह्न थपिएको र "त्यस्तो कार्य सम्पादन गर्न" भन्ने शब्दहरूको सट्टा "सम्पादन गर्नुपर्ने" भन्ने शब्दहरू राखिएको छ ।

१६. **<u>मूल ऐनको दफा ३२ मा संशोधनः</u>** मूल ऐनको दफा ३२ को उपदफा (१) मा रहेको "कम्तीमा प्रत्येक दुई महिनामा" भन्ने शब्दहरूको सट्टा "प्रत्येक चौमासिकमा" भन्ने शब्दहरू राखिएको छ।

१७. **<u>मूल ऐनको दफा ६० मा संशोधनः</u>** मूल ऐनको दफा ६० को उपदफा (३) मा रहेको "प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् प्रदेश अर्थ मन्त्रालय स्वीकृति लिनुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिशमा मन्त्रालयबाट स्वीकृत हुनेछ" भन्ने शब्दहरू राखिएको छ।

१८. **<u>रूपान्तरः</u>** मूल ऐनको ठाउँठाउँमा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय", "अर्थमन्त्री" भन्ने शब्दको सट्टा "आर्थिक मामिला तथा योजना मन्त्री" भन्ने शब्दहरू र "मध्यकालीन" भन्ने शब्दको सट्टा "मध्यमकालीन" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

**आज्ञाले,**

वीरेन्द्र कुमार यादव

प्रदेश सरकारको सचिव